# लोक सेवा आयोग काठमाडौं कार्यालय,
# अनामनगर, काठमाडौं

## सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

(गोरखापत्रमा प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२०)

१. आ.व. २०८३/०८४ मा यस कार्यालयलाई आवश्यक पर्ने वस्तु तथा सेवा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकाले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही इच्छुक फर्म/संस्था/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र सिलबन्दी दरभाउपत्र खरिद गरी पेश गर्न यो सूचना आह्वान गरिएको छ।

तपसिल

| क.स. | प्याकेज नं. | कामको विवरण | जमानत रकम रु. | दरभाउपत्र दस्तुर | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति | खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०८३/८४ | फोटोकपी पेपर तथा अन्य छपाई सम्बन्धी सामाग्री | ४९,०००।- | १,०००।- | २०८३-०६-२६ कार्यालय समय भित्र | २०८३-०६-२७ दिनको १२.०० बजे भित्र | २०८३-०६-२७ .दिनको २.०० बजे लोक सेवा आयोग, काठमाडौं कार्यालय, अनामनगर |
| २ | ०२/२०८३/८४ | कार्यालय सामान तथा मसलन्द सामाग्री खरिद तथा आपूर्ति | ४४,०००।- | १,०००।- | | | |

२. सिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक फर्म/संस्था/कम्पनीले रु. १०००।- (फिर्ता नहुने गरी) यस कार्यालयको कोड नं. २१००१३५०१ राजस्व शिर्षक नं. १४२२९ मा राजश्व तिरी यस कार्यालयको जिन्सी शाखाबाट दरभाउपत्रको फाराम खरिद गरी आफ्नो फर्म दर्ताको प्रमाण पत्र, भ्याट दर्ताको प्रमाणपत्र र आ.व. २०८१/८२ को कर चुक्ताको निस्साको प्रतिलिपी संलग्न गरी सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्ने छ।

३. सिलबन्दी दरभाउपत्र जमानत रकम कार्यालयको कोड नं. २१००१३५०१ र कोष तथा लेखा नियन्त्रक कार्यालय, बबरमहलको नाममा नेपाल राष्ट्र बैंक, बालुवाटारमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ७५ दिनको मान्य अवधि (Validity) रहेको सक्कल बैंक जमानत (बैंक ग्यारेन्टी) संलग्न गरी पेश गर्नुपर्ने छ।

४. दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उल्लेखित कार्यहरु सो को भोलिपल्ट कार्यालय खुलेको दिनमा हुनेछ।

५. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. यस सम्बन्धी सूचना लोक सेवा आयोगको website: www.psc.gov.np मा हेर्न वा टेलिफोन नं. ०१-४७७१९८१ मा सम्पर्क गर्न सकिनेछ ।

७. दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ।